# महाकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खलङ्गा, दार्चुला
७ नम्बर प्रदेश नेपाल

मिति : २०७४/१२/०४

आ.ब.२०७४/०७५

च.न

सूचना । सूचान ॥ सूचना ॥।

## ५० प्रतिशत अनुदानमा कृषि कार्यक्रम संचालनको लागि निबेदन आव्हान ।

उपरोक्त सम्बन्धमा यस कार्यालयको चालु आ.ब.२०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार बिभिन्न कृषि बिकास कार्यक्रम अन्तरगत ५० प्रतिशत अनुदानमा कृषि कार्यक्रमहरु संचालनको लागि कृषि पेशामा संलग्न ईच्छुक महाकाली नगरपालिका क्षेत्र भित्रका कृषि सहकारी सस्था, कृषक समुहहरु, कृषि उघमी र कृषक महानुभावहरु लाई निम्न मिति र स्थानमा कार्यालय समय भित्र आफनो प्रस्ताव सहितको बिबरण संलग्न राखी निबेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल:

(१) निबेदन दर्ता गराई सक्नु पर्ने मितिः २०७४/१२/०५ देखि २०७४/१२/१९ गते सम्म ।

(२) दर्ता गर्ने स्थानः महाकाली नगरपालिकाको कार्यालय, कृषि बिकास शाखा, खलङ्गा, दार्चुला ।

(क) निबेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजपत्र तथा सर्तहरु

(१) मागको बिबरण प्रष्ट खुलाईएको निबेदन (रु.१० को टिकट टांसी) ।
(२) समुह र सहकारीको हकमा समुह दर्ता प्रमाण पत्र र बैठकको निर्णयको प्रतिलिपी ।
(३) समुह, सहकारी, युवा लक्षित कार्यक्रम र युवा एग्रोभेट संचालनको हकमा सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
(४) युवा लक्षित कार्यक्रम (तरकारी खेती र एग्रोभेट) संचालनको लागी आफुले लगानी गर्ने रकमको ईष्टिमेट सहितको प्रस्तावको विवरण र आफु संग भएका शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपीहरु ।
(५) युवा लक्षित एग्रोभेट संचालनको लागी कृषि जे.टी.ए.उर्तिण युवा वा ४५ दिने ग्रामिण कृषि कार्यकर्ता तालिम प्राप्त युवा व्यक्तिले मात्र निबेदन पेश गर्नु पर्ने छ ।
(६) ५० प्रतिशत अनुदानमा कुन कुन कृषि जन्य बस्तु वा सामाग्री माग गर्ने हो सोको संख्या, परिमाण र आफुले लगानी गर्ने रकम प्रष्ट खुलाई निबेदन साथ पेश गर्नु पर्ने छ ।

प्रमुख प्रशासकीय अधिकृत

(७) ५० प्रतिशत अनुदानले जम्मा हुन आउने रकम कृषि सामाग्री, बिउ बिजन, फलफूल बिरुवाहरु बितरणको बेला महाकाली नगरपालिकाको कृषि विकास शाखामा अग्रीम रकम जम्मा गरे पछी मात्र अनुदान सामाग्री उपलब्ध गराईने छ।

**(ख) ५० प्रतिशत अनुदानमा प्रदान गर्न सकिने कृषि बिकास कायृक्रमहरु**

(१) ५० प्रतिशत अनुदानमा तरकारीको सिजन अनुसारको हाईब्रिड तथा उन्नत बीउ बिजन बितरण
(२) ५० प्रतिशत अनुदानमा युवा लक्षित तरकारी खेती (हाईब्रिड तथा उन्नत तरकारी बिउ ,बिषादी, रसायनिक मलखाद, थोपा सिंचाई आदीमा अनुदान)
(३) ५० प्रतिशत अनुदानमा सुन्तला, कागती, जुनार, आँप, लिची, कटहर, आदी बर्षे फलफूलका बिरुवा बितरण
(४) ५० प्रतिशत अनुदानमा कृषि औजार, उपकरणहरु (दाते, सिकेचर, हजारी, स्प्रेयर, स्प्रींगकलर थोपा सिंचाई ड्रम आदी)
(५) ५० प्रतिशत अनुदानमा उन्नत अदुवा बीउ बितरण ।
(६) ५० प्रतिशत अनुदानमा मौरी घार तथा घार सहितको मौरी गोला बितरण ।
(७) ५० प्रतिशत अनुदानमा सिडबिन (अन्न भकारी) बितरण ।
(७) युवा लक्षित कृषि एग्रोभेट संचालन (वीउ बिजन, मलखाद, बिषादीहरु आदीमा अनुदान)
(९) ७५ प्रतिशत अनुदानमा मकैको उन्नत बीउ बिजन बितरण

०६८।९२।०८

(खेम राज दैवकोटा)
प्रमुख प्रशासकिय अधिकृत

# महाकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### खलङ्गा, दार्चुला
७ नम्बर प्रदेश नेपाल

आ.ब.२०७४/०७५ मिति : २०७४/१२/०४

च.न

सूचना । सूचना ॥ सूचना ॥।

**(प्रथम पटक सूचना प्रकासित मिति २०७४/१२/०५)**

## साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रमको निबेदन आँव्हान ।

उपरोक्त सम्बन्धमा यस कार्यालयको चालु आ.ब.२०७४/०७५ को स्वीकृत कार्यक्रम अनुसार बिभिन्न कार्यक्रम अन्तरगत साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रम संचालन गर्नको लागि कृषि पेशामा संलग्न ईच्छुक महाकाली नगरपालिका क्षेत्र भित्रका कृषि सहकारी सस्था र कृषक समुहहरु लाई निम्न मिति र स्थानमा कार्यालय समय भित्र तपशिल अनुसारका कागजातहरु संलग्न राखी निबेदन पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको निबेदनको ढाँचा तथा थप जानकारीको लागि महाकाली नगरपालिकाको कार्यालय, कृषि बिकास शाखा खलङ्गा, दार्चुलामा सम्पर्क राखी निबेदन दर्ता गराउन सकिने ब्यहोरा समेत अनुरोध छ ।

तपशिल:

(१) निबेदन दर्ता गराई सक्नु पर्ने मिति: २०७४/१२/०५ देखि २०७४/१२/१९ गते सम्म ।

(२) दर्ता गर्ने स्थान: **महाकाली नगरपालिकाको कार्यालय, कृषि बिकास शाखा, खलङ्गा, दार्चुला ।**

(३) पेश गर्नु पर्ने आवश्यक कागजातहरु र शर्तहरु:

(क) साना सिंचाई बिशेष कार्यक्रम अर्न्तगत स-साना बाँध, कुलो निर्माण, कुलो मर्मत सुधार, संरक्षण, पोलिथिन पाईप बाट सिंचाई, सिंचाई पोखरी निर्माण र ट्रयांकी निर्माणका लागी कृषक समुह र कृषि सहकारी संस्थाहरु बाट आयोजना लागतको कम्तिमा १५ प्रतिशत नगद वा श्रमदान वा दुबै बेहोर्ने गरि तयार गरिएको लागत अनुमान सहितको कार्य योजना ।

(ख) जिल्ला कृषि बिकास कार्यालय दार्चुला वा महाकाली नगरपालिकामा कृषक समुह दर्ता भएको प्रमाणपत्र (समुहको म्याद सकिएको भए नबिकरण गराई) कृषक समुहको बैठकको निर्णयको फोटोपी, सबै कृषक समुहका सदस्यहरुको नागरिकता प्रमाणपत्रको

प्रमुख प्रशासकीय अधिकृत

प्रतिलिपि, सबै कृषक समुहका सदस्यहरुको जग्गाधनी प्रमाणपत्रको (लालपुर्जा) प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।

(ग) तोकिएको ढाँचा अनुसारको निबेदन फाराममा (रु.१० को टिकट टाँसी) ।

(घ) निबेदन दस्तुर बाफत साना सिंचाई निर्माण तथा मर्मत सम्भार कार्यक्रमको लागी रु.१०० - एक सय) तिरेको (पछी फिर्ता नहुने गरि) यस कार्यालय बाट उपलब्ध नगदी रसिदको सक्कलै प्रति ।

(ङ) आयोजना माग गर्दा आयोजना क्षेत्र भित्रका समुह/सहकारी सदस्यहरुले कार्य सम्पन्न भए पछी समानरुपले पानी उपभोग गर्न पाउने गरि सम्बन्धित ब्यक्तिले समुहको नाममा गरेको सम्झौता पत्र निबेदन संग संलग्न हुनु पर्ने छ ।

(च) निबेदन पेश गर्ने अन्तिम दिन सार्बजनिक बिदा पर्न गएमा सोको भोली पल्ट यस कार्यालय निबेदन दर्ता गराई सक्नु पर्ने छ ।

(छ) साना सिंचाई बिशेष कार्यक्रमको लागी अनुसूची-१ निबेदनको साथै महाकाली नगरपालिका बाट उपलब्ध सम्बन्धित क र ख फाराम सहितको पूर्ण विवरणको फारम भर्नु पर्ने छ ।

(ज) कृषक समुह/सहकारीहरुले पेश गरेका सबै कागजपत्रको प्रतिलिपिहरुमा समुहका अध्यक्षले दस्तखत गरि समुहको छाँप अनिवार्य रुपमा लगाउनु पर्ने छ ।

(झ) निबेदन दर्ता गर्न समुह अध्यक्ष आफैले अनिबार्य रुपमा कार्यालयमा आउनु पर्ने छ । र कृषक समुहको बैंक खाता समुहका अध्यक्ष र कोषाध्यक्षको नाममा मात्र खोल्ने गरि बैंकहरुलाई यस कार्यालय बाट सिफारिस गरिने छ ।

(ञ) आ.ब.२०७४/०७५ को फाल्गुन महिना पछी दर्ता भएका कृषक समुह र यस आर्थिक वर्षमा जि.कृ.बि.का.दार्चुला र अन्य सरकारी तथा गैर सरकारी संघ सस्था बाट साना सिंचाई योजना संचालन गरेका कृषक समुहहरुले निबेदन पेश गर्न पाउने छैनन ।

(ट) निबेदन संग आवश्यक कागतपत्रहरु नपुगेको, निर्दिष्ट ढाँचाको फर्मेट पूरा नभरेको निबेदन दर्ता गरिने छैन । र गत बिगत आ.ब.हरुमा यस कार्यालय बाट वा अन्य निकायहरु बाट सिंचाई योजनाहरु संचालन भै सकेको कृषक समुह एवं कृषि सहकारीहरुको आयोजना ( निबेदन) लाई प्राथमिकता दिईने छैन ।

(ठ) यस सूचनामा उल्लेख नभएका कुराहरुको हकमा नेपाल सरकारको प्रचलित ऐन, नियमानुसार लागु हुने छ ।

(खेम राज देवकोटा)
प्रमुख प्रशासकिय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत